# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७५/०१/०३ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला ट्राफिक प्रहरी कार्यालय, लमजुङमा कार्यरत प्रहरी जवान मोतिकुमार श्रेष्ठले लाइसेन्स बनाइदिने प्रयोजनको लागि घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडा मकवानपुरबाट खटिइ गएको टोलीले निजलाई रु.७०,०००/-(सत्तरी हजार) घुस वापतको रकम लिएको अवस्थामा र सोही विषयसँग सम्बन्धित जिल्ला बाग्लुङ, अमलाचौर नगरपालिका वडा नं.-१२ बस्ने मुस्तकिम मिया र जिल्ला बाग्लुङ, बाग्लुङ नगरपालिका वडा नं.-३ बस्ने सलामदिन मिया समेत ३(तीन) जनालाई नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निज प्रहरी जवान मोतीकुमार श्रेष्ठले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको देखिन आएकोले निजलाई बिगो रु. रु.७०,०००/-(सत्तरी हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (ग) बमोजिम जरिवाना र कैद सजाय हुन र मुस्तकिम मियाले घुस रकम माग्ने र लिने कार्यमा सहयोग गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम कसुर गरेको देखिन आएकोले निजलाई बिगो रु.७०,०००/-(सत्तरी हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (ग) बमोजिम हुने सजायमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम जरिवाना र कैद सजाय हुन माग दावी सहित आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(दीर्घराज मैनाली)
सह-सचिव एवं प्रवक्ता